# नेपाल प्रज्ञा-प्रतिष्ठान

# प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू भाडामा लगाउनेसम्बन्धी कार्यविधि-२०७६

कमलादी, काठमाडौं

विषयसूची


प्रस्तावना ........ १

**परिच्छेद१-** ........ १

**प्रारम्भिक** ........ १

१. सङ्क्षिप्त नाम र प्रारम्भ ........ १

२. परिभाषा ........ १

**परिच्छेद२-** ........ २

**प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरूको सञ्चालन, भाडा दर तथा धरौटी रकम** ........ २

२. प्रेक्षालय (Auditorium hall) ........ २

क. भाडा दर (एक सो कार्यक्रमको) ........ २

ख. भाडा रकम ........ ३

ग. धरौटी रकम ........ ३

३. लेखनाथ प्रवचन कक्ष / पारिजात प्रवचन कक्ष /भानुभक्त प्रदर्शनी कक्ष ........ ३

४. पुस्तकालय सभा कक्ष ........ ३

५. डबली ........ ३

६. चउर ........ ४

७. भाडा रकम ........ ४

८. धरौटी रकम ........ ४

**परिच्छेद३-** ........ ४

**प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू भाडामा लिने तरिका** ........ ४

**परिच्छेद४-** ........ ५

**बुकिङ रद्द गर्ने प्रक्रिया र सो बापत लाग्ने शुल्क** ........ ५

**परिच्छेद५-** ........ ६

**कार्यक्रम सञ्चालन र समय पालना** ........ ६

**परिच्छेद६-** ........ ७

**विविध** ........ ७

**अनुसूची१-** ........ ९

**प्रज्ञा भवनको प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू आरक्षण गर्ने दरखास्त फाराम** ........ ९

**अनुसूची२-** ........ १०

**प्रज्ञा भवनको प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू आरक्षण गरेपछि प्रतिष्ठानबाट उपलब्ध गराइने स्वीकृति पत्र** ........ १०

**अनुसूची३-** ........ ११

**प्रज्ञा भवनको प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू आरक्षण गरेपछि समय नपुग भई समय थप गर्दा प्रतिष्ठानबाट उपलब्ध गराइने स्वीकृति पत्र** ........ ११

**अनुसूची४-** ........ १२

**प्रज्ञा भवनको प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू आरक्षण गरेपछि उक्त दिन कार्यक्रम नहुने भई कार्यक्रमको मिति सार्दा प्रतिष्ठानबाट उपलब्ध गराइने स्वीकृति पत्र** ........ १२

# प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू भाडामा लगाउनेसम्बन्धी कार्यविधि - २०७६

## प्रस्तावना

प्रतिष्ठानको उद्देश्यअनुरूप प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरूको व्यवस्थापन गरी प्रतिष्ठानको आर्थिक पक्ष सबल बनाउन वाञ्छनीय देखिएकाले प्रतिष्ठानको प्रेक्षालय (Auditorium), लेखनाथ प्रवचन कक्ष, पारिजात प्रवचन कक्ष, पुस्तकालय सभा कक्ष, भानुभक्त प्रदर्शनी कक्ष, डबली (Amphitheater) र खुला चउरहरूको समुचित व्यवस्थापन तथा सञ्चालन गर्न आवश्यक भएकाले नेपाल प्रज्ञा-प्रतिष्ठान, आर्थिक प्रशासनसम्बन्धी नियमावली-२०६७ को परिच्छेद १६ को नियम ८८ ले दिएको अधिकार प्रयोग गरी नेपाल प्रज्ञा-प्रतिष्ठान, प्राज्ञ परिषद्ले प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू भाडामा लगाउनेसम्बन्धी कार्यविधि - २०७६ बनाई लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

### १. सङ्क्षिप्त नाम र प्रारम्भ

क. यस कार्यविधिको नाम प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू भाडामा लगाउनेसम्बन्धी कार्यविधि - २०७६ रहने छ ।

ख. यो कार्यविधि नेपाल प्रज्ञा-प्रतिष्ठान, प्राज्ञ परिषद्ले स्वीकृत गरेको मितिदेखि लागु हुने छ ।

### २. परिभाषा

क. प्रतिष्ठान भन्नाले नेपाल प्रज्ञा-प्रतिष्ठानलाई बुझाउने छ ।

ख. प्रेक्षालय भन्नाले नेपाल प्रज्ञा-प्रतिष्ठानको स्वामित्वमा रहेको बाल्कोनीसहितको मुख्य हल बुझिने छ ।

ग. लेखनाथ प्रवचन कक्ष भन्नाले प्रतिष्ठान अन्तर्गत रहेको मूल भवनको पहिलो तलाको पश्चिमपट्टिको हललाई जनाउने छ ।

घ. पारिजात प्रवचन कक्ष भन्नाले प्रतिष्ठानअन्तर्गत रहेको मूल भवनको दोस्रो तलाको पश्चिमपट्टिको हललाई जनाउने छ ।

ङ. भानुभक्त प्रदर्शनी कक्ष भन्नाले प्रतिष्ठान अन्तर्गत रहेको मूल भवनको पहिलो तलाको दक्षिणपट्टिको खाली भागलाई जनाउने छ ।

च. सभा कक्ष भन्नाले नवनिर्मित प्रज्ञा पुस्तकालय भवनमा रहेको पुस्तकालय सभा कक्षलाई जनाउने छ ।

छ. चउर भन्नाले प्रतिष्ठानको प्राङ्गणमा रहेको पछाडिपट्टिका खाली स्थानहरूलाई जनाउने छ ।

ज. डबली भन्नाले प्रतिष्ठानको मूल भवनको पूर्वदक्षिण मोहडामा रहेको खुला मञ्च (Amphitheater) भन्ने जनाउँछ ।

झ. भाडा रकम भन्नाले प्रतिष्ठानको प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू भाडामा लिएबापत प्रतिष्ठानलाई तोकिएबमोजिम बुझाउनुपर्ने रकमलाई जनाउने छ ।

ञ. धरौटी रकम भन्नाले प्रतिष्ठानको प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू भाडामा लिँदा भाडा रकमसँगै सम्भावित हानिनोक्सानीको क्षतिपूर्तिको प्रयोजनका लागि आयोजकहरूद्वारा प्रतिष्ठानको धरौटी खातामा जम्मा गरिएको रकम भन्ने सम्झनुपर्दछ ।

ट. आयोजक भन्नाले कार्यक्रम सञ्चालन गर्न जुनसुकै हलहरू भाडामा लिने व्यक्ति वा संस्थालाई जनाउने छ ।

ठ. आधा दिन भन्नाले हल खोल्ने समयदेखि ६ घण्टाको समयलाई जनाउने छ ।

ड. पूरा दिन भन्नाले हल खोल्ने समयदेखि १० घण्टाको समयलाई जनाउने छ ।

ढ. एक सो कार्यक्रम भन्नाले एउटै कार्यक्रम र उक्त कार्यक्रमको प्रयोजनका लागि उपस्थित दर्शक सहभागी भई सञ्चालन हुने कार्यक्रमलाई जनाउने छ ।

## परिच्छेद-२

## प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरूको सञ्चालन, भाडा दर तथा धरौटी रकम

नेपाल प्रज्ञा-प्रतिष्ठानबाट भाडामा दिइने प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरूको सञ्चालन समय र तिनको भाडादर निम्नानुसार हुने छ :

१. नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू बिहान ८ बजेदेखि राती ९ बजेसम्म मात्र भाडामा दिइने छ ।

### २. प्रेक्षालय (Auditorium hall) ♣

#### क. भाडा दर (एक सो कार्यक्रमको)

| | |
|---|---|
| अ. ६ घण्टासम्मको | रु. १ लाख |
| आ. १० घण्टासम्मको | रु. १ लाख २० हजार |
| इ. सार्वजनिक बिदाको दिन (६ घण्टासम्म) | रु. १ लाख १० हजार |
| ई. सार्वजनिक बिदाको दिन (१० घण्टासम्म) | रु. १ लाख ३० हजार |

(जुनसुकै दिनमा ६ घण्टाको लागि प्रेक्षालय आरक्षण गरेको अवस्थामा कार्यक्रम ६ घण्टाभन्दा बढी १ घण्टासम्म समय लम्बिन गएमा रु. ६,०००/- (छ हजार मात्र) थप भाडा लाग्ने छ तर १ घण्टाभन्दा पनि बढी समय लम्बिन गएमा १० घण्टा बराबरकै हुने गरी थप रु. २०,०००/- (बिस हजार मात्र) भाडा लाग्ने छ । त्यस्तै १० घण्टाको लागि प्रेक्षालय आरक्षण गरेको अवस्थामा कार्यक्रम समय १० घण्टाभन्दा बढी लम्बिन गएमा प्रतिघण्टा रु. ६,०००/- (छ हजार मात्र) का दरले थप भाडा लाग्ने छ । तर राती ९ बजेभन्दा पछिको हकमा प्रति घण्टा रु. १२,०००/- (बाह्र हजार मात्र) थप भाडा लाग्ने छ । प्रस्तावित

---

♣ सिट क्षमता : १३२३
वाल्कोनी : ४९०
मुख्य हल : ८३३

कार्यक्रमभन्दा पछाडिको समयका लागि अर्कै पक्षले प्रेक्षालय आरक्षण गरेको अवस्थामा भने पहिलो पक्षको कार्यक्रमका लागि समय थप्न सकिने छैन ।

| | |
|---|---|
| उ. अगिल्लो दिनमा प्राभ्यास वा साजसज्जा गर्ने भए (उक्त दिन हल खाली भएको अवस्थामा मात्र) | प्रतिघण्टा रु. ६ हजार तर राती ९ बजेपछि प्रतिघण्टा रु. १२ हजारका दरले भाडा लाग्ने छ |

## ख. भाडा रकम

उल्लिखित भाडा रकमहरू नेपाल प्रज्ञा-प्रतिष्ठानको बैङ्क अफ काठमाडौँ, कमलादीमा रहेको नेपाल प्रज्ञा-प्रतिष्ठानको कल खाता नं. ०६००००६१६४४ मा जम्मा गरी एक प्रति भौचर प्रज्ञा-प्रतिष्ठानको हल आरक्षण शाखामा बुझाउनुपर्ने छ ।

## ग. धरौटी रकम

प्रेक्षालयमा हुने जुनसुकै कार्यक्रमको लागि पनि रु. ३५,०००/- (पैँतिस हजार मात्र) धरौटीबापत नेपाल प्रज्ञा-प्रतिष्ठानको बैङ्क अफ काठमाडौँ, कमलादीमा रहेको ने.प्र.प्र. को चल्ती खाता नं. ०१००००००२८६९ मा जम्मा गरी एक प्रति भौचर कार्यक्रम हुने दिनभन्दा कम्तीमा पनि दुई दिन अगि नै प्रतिष्ठानको हल आरक्षण शाखामा बुझाउनुपर्ने छ । कार्यक्रम अवधिमा आयोजकका तर्फबाट कुनै हानिनोक्सानी भएमा वा तोकिएको समयभन्दा बढी समय कार्यक्रम सञ्चालन भएमा उक्त धरौटी रकमबाट हानिनोक्सानी तथा बढी समय प्रयोग गरेबापतको रकम असुल उपर गरिने छ ।

## ३. लेखनाथ प्रवचन कक्ष ♦ / पारिजात प्रवचन कक्ष • / भानुभक्त प्रदर्शनी कक्ष *

| | |
|---|---|
| अ. ६ घण्टासम्मको<br>(६ घण्टाभन्दा बढी १ घण्टा कार्यक्रम लम्बिन गएमा प्रतिघण्टा रु. १,५००/- (एक हजार पाँच सय मात्र) थप भाडा लाग्ने छ तर १ घण्टाभन्दा पनि बढी समय लम्बिन गएमा १० घण्टा बराबरकै हुने गरी रु. ३,०००/- (तीन हजार मात्र) थप भाडा लाग्ने छ ।) | रु. ८,०००/- |
| आ. १० घण्टासम्मको<br>(१० घण्टाभन्दा बढी कार्यक्रम समय लम्बिन गएमा प्रति घण्टा रु.१,५००/- (एक हजार पाँच सय मात्र) का दरले थप भाडा लाग्ने छ ।) | रु. ११,०००/- |

## ४. पुस्तकालय सभा कक्ष ♣

| | |
|---|---|
| अ. ६ घण्टासम्मको | रु. १२,०००/- |
| आ. १० घण्टासम्मको<br>(कार्यक्रम समय लम्बिन गएमा बुँदा नं. ३ को क्रमशः (अ) र (आ) अनुसारकै हुने छ।) | रु. १५,०००/- |

## ५. डबली &

| | |
|---|---|
| प्रतिदिन भाडा | रु. ५,०००/- |

---

♦ सिट क्षमता : १५०

• सिट क्षमता : १५०

* खुला ठाउँ भएकाले प्रदर्शनीका लागि मात्र

♣ मूल भवनको उत्तरपट्टि रहेको पुस्तकालय भवनको दोस्रो तला (सिट क्षमता : २५०)

& मूल भवनको पूर्वदक्षिण मोहडामा रहेको खुला मञ्च (सिट क्षमता : ४००)

## ६. चउर Φ

प्रति चउर (Open yard) रु. १०,०००/- प्रतिदिन

(कुनै पनि कार्यक्रमको लागि प्रेक्षालय वा अन्य प्रवचन कक्षहरू र सभा कक्ष भाडामा लिएका अवस्थामा मात्र चउर भाडामा दिइने छ ।)

नोट : प्रेक्षालय बाहेक अन्य कक्षहरूमा कार्यक्रम गर्ने आयोजकका लागि खाजा खुवाउने स्थान प्रज्ञा-प्रतिष्ठानले उपलब्ध गराउने छ ।

## ७. भाडा रकम

उल्लिखित भाडा रकमहरू नेपाल प्रज्ञा-प्रतिष्ठानका नाममा बैङ्क अफ काठमाडौँ, कमलादीमा रहेको नेपाल प्रज्ञा-प्रतिष्ठानको कल खाता नं. ०६०००००६१६४४ मा जम्मा गरी एक प्रति भौचर प्रज्ञा-प्रतिष्ठानको हल आरक्षण शाखामा बुझाउनुपर्ने छ ।

## ८. धरौटी रकम

माथि उल्लिखित नं. ३ देखि ५ सम्मका कक्षहरूमध्ये जुनसुकै कक्ष भाडामा लिँदा पनि रु. ३,०००/- (तीन हजार मात्र) धरौटीबापत नेपाल प्रज्ञा-प्रतिष्ठानको बैङ्क अफ काठमाडौँ, कमलादीमा रहेको ने.प्र.प्र. को चल्ती खाता नं. ०१००००००२८६९ मा जम्मा गरी एक प्रति भौचर कार्यक्रम हुने दिनको कम्तीमा पनि दुई दिन अगि प्रतिष्ठानको हल आरक्षण शाखामा बुझाउनुपर्ने छ । कार्यक्रम अवधिमा आयोजकका तर्फबाट कुनै हानिनोक्सानी भएमा वा तोकिएको समयभन्दा बढी समय कार्यक्रम सञ्चालन भएमा उक्त धरौटी रकमबाट हानिनोक्सानी तथा बढी समय प्रयोग गरेबापतको रकम असुल उपर गरिने छ तर साहित्यिक कार्यक्रमका लागि धरौटी राख्नुपर्ने छैन ।

# परिच्छेद-३

## प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू भाडामा लिने तरिका

नेपाल प्रज्ञा-प्रतिष्ठानका प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू भाडामा लिँदा तपसिलअनुसारका कार्यविधि पूरा गर्नुपर्ने छ :

१. कार्यक्रम आयोजकले प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू भाडामा लिँदा कुन हल कुन मितिका लागि कति बजेदेखि कति बजेसम्म आवश्यक परेको हो, सो उल्लेख गरी अनलाइन वा इ-बुकिङमार्फत हल बुकिङ गर्नुपर्ने छ ।

२. अनलाइन वा इ-बुकिङ गर्न आयोजकलाई प्राविधिक असुविधा आइपरेका खण्डमा प्रतिष्ठानका कर्मचारीले सहयोग गर्नेछन् ।

३. अनलाइन बुकिङ गरेको मितिले सार्वजनिक बिदा बाहेक ५ दिनभित्र नेपाल प्रज्ञा-प्रतिष्ठानको बैङ्क अफ काठमाडौँमा रहेको कल एकाउन्ट ०६०००००६१६४४ मा भाडाबापतको रकम र कार्यक्रम सुरु हुने दिनको २ दिन अगिसम्म सोही बैङ्कमा रहेको चल्ती खाता नं. ०१००००००२८६९ मा धरौटीबापतको रकम संलग्न गरी अनुसूची १ अनुसारको प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू आरक्षण गर्ने दरखास्त फारामका साथ प्रतिष्ठानको हल आरक्षण शाखामा बुझाई अनुसूची २ अनुसारको स्वीकृति पत्र लिइसक्नुपर्ने छ । अनुसूची २ अनुसारको स्वीकृति पत्र लिइसकेपछि तोकिएको समयभन्दा बढी समय हल प्रयोग गर्नुपर्ने भएमा आयोजकले नियमानुसारको रकम जम्मा गरेको बैङ्क

Φ Open Yard (विशेषतः खाजा/नास्ताका लागि)

भौचरसहित निवेदन हल आरक्षण शाखामा दिएमा अनुसूची ३ अनुसारको पत्र प्रज्ञा-प्रतिष्ठानले उपलब्ध गराउने छ ।

४. सार्वजनिक बिदा बाहेक ५ दिनभित्र रकम नबुझाएका खण्डमा अनलाइन वा इ-बुकिङमार्फत गरिएको हल आरक्षण स्वतः रद्द भएको मानिने छ ।

५. प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू बुकिङ गर्न आउँदा संस्थाको आधिकारिक व्यक्ति वा निजको प्रतिनिधि स्वयम् उपस्थित हुनुपर्ने छ । प्रतिनिधि पठाउँदा सम्बन्धित संस्थाको लिखित मन्जुरीनामा वा अधिकार पत्र समेत प्रस्तुत गर्नुपर्ने छ । मुख्य आयोजकको मन्जुरीनामा बेगरको प्रतिनिधिलाई स्वीकार गरिने छैन ।

६. व्यक्तिका तर्फबाट प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू आरक्षण गर्ने भए अनलाइन वा इ-बुकिङपश्चात् पत्र लिन आउँदा सम्बन्धित व्यक्तिको नागरिकता वा पासपोर्टको प्रतिलिपि पनि संलग्न हुनुपर्ने छ ।

७. जुन कार्यक्रमको लागि प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू भाडामा लिइएको हो, सोही कार्यक्रम मात्र आयोजना गर्नुपर्ने छ । बुकिङ गर्दा उल्लेख गरिएको कार्यक्रम बाहेक अन्य कार्यक्रमको आयोजना गरेको पाइएमा तत्काल लाइट तथा साउन्ड सिस्टम डाउन गरी कार्यक्रम रद्द गरिने छ र धरौटीस्वरूप राखिएको रकम पनि फिर्ता गरिने छैन ।

८. कार्यक्रम सञ्चालन गर्दा प्रतिष्ठानबाट अपेक्षा गरिएको सहयोगका लागि १ दिन अगावै प्रतिष्ठानको भवन सम्भार शाखासँग सम्पर्क गरिसक्नुपर्ने छ ।

## परिच्छेद-४
## बुकिङ रद्द गर्ने प्रक्रिया र सो बापत लाग्ने शुल्क

नेपाल प्रज्ञा-प्रतिष्ठानका प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू भाडामा लिइसकेपछि विशेष कारणले बुकिङ रद्द गर्नुपरेमा वा मिति सार्नुपर्दा तपसिलअनुसारका प्रक्रियाहरू अवलम्बन गर्नुपर्ने छ :-

१. तोकिएको मितिमा कार्यक्रम नहुने भई कार्यक्रम रद्द गर्नु परेमा भाडा रकमको ५० प्रतिशत (कट्टी भईसकेको भाडा करबाहेक) मात्र प्रज्ञा-प्रतिष्ठानले फिर्ता गर्नेछ ।

२. तोकिएको मितिमा कार्यक्रम नहुने भई कार्यक्रम सार्नुपर्दा पहिलो पटकका लागि भाडा रकमको १५ प्रतिशत र दोस्रो पटक पनि सार्नुपरेमा भाडा रकमको २५ प्रतिशत अतिरिक्त शुल्क लाग्ने छ ।

३. हल भाडामा लिने संस्था वा व्यक्तिले पूर्व निर्धारित कार्यक्रमको मिति सार्दा लाग्ने अतिरिक्त शुल्क सम्बन्धित बैङ्कमा दाखिला गरी बैङ्क भौचरसहित निवेदन प्रतिष्ठानमा बुझाउनुपर्ने छ र अनुसूची ४ अनुसारको पत्र प्रतिष्ठानले उपलब्ध गराउने छ ।

४. कार्यक्रमको मिति सारेपछि पनि विशेष कारणले गर्दा कार्यक्रम नहुने भई आयोजकले नै कार्यक्रम रद्द गर्दा सुरु भाडा रकमको ५० प्रतिशत रकम (कट्टी भईसकेको भाडा कर बाहेक) मात्र प्रतिष्ठानले फिर्ता दिने छ ।

५. माथि जुनसुकै कुरा लेखिएको भए तापनि कुनै भवितव्य वा दैवी प्रकोप वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कारणले वा प्रज्ञा-प्रतिष्ठानको विशेष कार्यक्रम हुने भई कार्यक्रम रद्द गर्नुपरेमा वा कार्यक्रमको मिति सार्नुपरेमा अतिरिक्त शुल्क लाग्ने छैन । यसरी कार्यक्रम रद्द हुन गई भाडा रकम फिर्ता गर्नुपर्ने अवस्थामा बुझाएको भाडा रकम पूरै फिर्ता गर्नुपर्ने छ ।

६. एक पटक बढीमा १५ दिनसम्मका लागि प्रेक्षालय / हल वा अन्य कक्षहरू आरक्षण गर्न सकिनेछ । सो भन्दा बढी दिनका निम्ति चाहिएमा पुनः आरक्षण गर्नुपर्ने छ ।

## परिच्छेद-५
## कार्यक्रम सञ्चालन र समय पालना

नेपाल प्रज्ञा-प्रतिष्ठानका प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू भाडामा लिई आयोजकहरूले कार्यक्रम सञ्चालन गर्नुपर्दा देहायका नियमहरू पालना गर्नुपर्दछ :-

१. प्रतिष्ठानको प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरूभित्र कुनै किसिमको प्रज्वलनशील सामग्रीको प्रयोग गर्न पाइने छैन ।

२. प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू आयोजकले बुकिङ गरेको समयमा मात्र खोलिने छ । अगिपछि खोलिने छैन ।

३. प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू प्रयोग गर्ने सिलसिलामा भाडा भुक्तानी गरेको रसिद, धरौटी रकम जम्मा गरेको रसिद र प्रतिष्ठानको हल आरक्षण शाखाबाट प्राप्त स्वीकृति पत्र भवन शाखाका सम्बद्ध अधिकृत वा कर्मचारीले मागेमा कार्यक्रम अवधिभर जुनसुकै समयमा पनि देखाउनुपर्ने छ ।

४. कार्यक्रम सकिएको भोलिपल्ट नै धरौटी रकम चेकद्वारा फिर्ता गरिने भएकाले सहजताका लागि कार्यक्रम सकिना साथ धरौटी रसिद भवन सम्भार शाखाका सम्बद्ध अधिकृत वा आधिकारिक कर्मचारीलाई दिनुपर्ने छ र धरौटी फिर्ता लिन आउँदा धरौटी फिर्ता पाऊँ भन्ने निवेदन र संस्थाका हकमा संस्थाको स्ट्याम्पसहित नेपाल प्रज्ञा-प्रतिष्ठानको आर्थिक प्रशासन शाखामा सम्पर्क गर्नुपर्ने छ ।

५. नेपाल प्रज्ञा-प्रतिष्ठानको परिचय-पत्र लिएका जुनसुकै पदाधिकारी वा कर्मचारी / कलाकारहरू कार्यक्रमलाई असर नपर्ने गरी प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरूको जुनसुकै स्थानमा पनि ओहोरदोहोर गर्न सक्नेछन् ।

६. कार्यक्रमको निम्ति प्रतिष्ठानमा भएका ध्वनि र प्रकाश प्रयोग नगरी बाहिरबाट ल्याउनुपर्ने भएमा प्रतिष्ठानको सम्बद्ध अधिकृतलाई अग्रिम सूचना दिई स्वीकृत लिनुपर्ने छ ।

७. कार्यक्रमको सिलसिलामा प्रेक्षालय लगायत प्रज्ञा भवन परिसरभित्र कुनै किसिमको तोडफोड हानिनोक्सानी भएमा सोको क्षतिपूर्ति आयोजकले बेहोर्नुपर्ने छ ।

८. हल आरक्षण गरेका दिनमा आकस्मिक रूपमा राष्ट्रिय, अन्तर्राष्ट्रिय वा नेपाल प्रज्ञा-प्रतिष्ठानको विशेष कार्यक्रम गर्नुपर्ने भएमा स्वीकृत कार्यक्रमलाई आयोजकसँग परामर्श गरी अगि-पछि सार्ने अधिकार प्रज्ञा-प्रतिष्ठानमा सुरक्षित रहने छ ।

९. कुनै पनि चलचित्र (फिल्म) को टिकट बिक्री गरी प्रदर्शनी गर्नका लागि प्रेक्षालय आरक्षणमा दिइने छैन तर प्रिमियर सो भने गर्न दिइने छ ।

१०. प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरूभित्र मादक पदार्थ, लागु पदार्थ, चुरोट आदिको प्रयोग गर्न र त्यसको विज्ञापन गर्न समेत पाइने छैन । साथै प्रज्ञा-प्रतिष्ठानको भवनका कुनै पनि भाग लगायत मूल प्रवेशद्वार र लबीका भित्ताहरूमा विज्ञापन सामग्रीका पोस्टर टाँस्न, किला-काँटा ठोक्न तथा अन्य कुनै पनि अशोभनीय कार्य गर्न पाइने छैन ।

११. आयोजकले आवेदनसहित बुझाएको कार्यक्रमको सूचीभन्दा फरक कार्यक्रम प्रदर्शन गर्न पाइने छैन । यदि फरक कार्यक्रम प्रदर्शन गरेको पाइएमा बिचमै कार्यक्रम रोक्न सक्ने अधिकार प्रतिष्ठानमा सुरक्षित रहने छ । यसमा आयोजकले कुनै किसिमको दाबी विरोध गर्न पाउने छैन ।

१२. प्रज्ञा भवनमा रहेका सामानहरूको प्रयोग गर्नुअगि प्रतिष्ठान र आयोजक दुवै पक्षले निरीक्षण गरी स्टेज, हल र अन्य ठाउँमा जडान भएका भौतिक सामानहरू कार्यक्रम सकिएपछि पुनः निरीक्षण गरी बुझाउनुपर्ने छ । कार्यक्रमको सिलसिलामा हानिनोक्सानी हुने भएमा सोको निरीक्षण गरी मूल्याङ्कन गरिने छ र कायम भएको हर्जानाको रकम सम्बद्ध व्यक्ति वा संस्थाले राखेको धरौटी रकमबाट कट्टा गरी असुल उपर गरिने छ । सो धरौटी रकमले नपुगेमा बाँकी रकम सरसामान उठाउनु अगि आयोजकले बुझाउनुपर्ने छ । रकम नबुझाई सरसामान लैजान पाइने छैन ।

१३. प्रज्ञा भवनमा टिकट बिक्री गरी हुने सांस्कृतिक वा अन्य कुनै पनि कार्यक्रमको टिकट बिक्रीका लागि कार्यक्रम हुने दिनमा मात्र प्रज्ञा भवनको हाता उपलब्ध गराइनेछ । साथै टिकट बिक्रीका लागि प्रज्ञा भवनको हाताभित्र माइक, क्यासेट बजाउन पाइने छैन । तर सानो हाते माइक भने प्रयोग गर्न पाइनेछ ।

१४. कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने लाइट सिस्टम तथा साउन्ड सिस्टम प्राविधिकसहित नेपाल प्रज्ञा-प्रतिष्ठानले निःशुल्क रूपमा उपलब्ध गराउने छ र प्रज्ञा-प्रतिष्ठानमा भएको साउन्ड सिस्टमभन्दा थप वा अर्को साउन्ड सिस्टम आयोजकले प्रयोग गर्न चाहेमा पूर्व स्वीकृति लिनुपर्ने छ । साथै कार्यक्रम सञ्चालनका क्रममा विद्युत् आपूर्ति बन्द भएमा सोको वैकल्पिक व्यवस्थाका लागि प्रतिष्ठानमा भएको जेनेरेटर निःशुल्क उपलब्ध गराइने छ ।

१५. आयोजकलाई सकेसम्म गुणस्तरीय सेवा दिन नेपाल प्रज्ञा-प्रतिष्ठान प्रतिबद्ध रहने छ । यति हुँदा हुँदै पनि कार्यक्रम सञ्चालनका सिलसिलामा लाइट सिस्टम तथा साउन्ड सिस्टमका उपकरणहरूमध्ये कुनै उपकरण आकस्मिक रूपमा बिग्रेर कार्यक्रममा असर पर्न गएमा त्यसको जबाफदेही नेपाल प्रज्ञा-प्रतिष्ठान हुने छैन ।

## परिच्छेद-६
## विविध

१. नेपाल प्रज्ञा-प्रतिष्ठानका हलहरू भाडामा दिने / नदिने अन्तिम अधिकार प्रतिष्ठानमा निहित रहने छ ।

२. कार्यक्रमको लागि प्रतिष्ठानको प्रेक्षालय, स्टेज लगायत बाहिर कम्पाउन्डमा समेत राखिएका सामग्रीहरू कार्यक्रम सकिएको भोलिपल्टसम्म लैजानुपर्ने छ । अन्यथा प्रज्ञा-प्रतिष्ठान जिम्मेवार हुने छैन ।

३. नेपाल प्रज्ञा-प्रतिष्ठान परिसरभित्र पूर्व स्वीकृति लिई विज्ञापनको सामग्री राख्न पाइनेछ तर प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरूभित्र भने विज्ञापनको सामग्री राख्न पाइने छैन । प्रज्ञा परिसरभित्र मादक पदार्थ र सुर्तीजन्य पदार्थको विज्ञापन तथा खानपान निषेध गरिएको छ ।

४. यस कार्यविधिमा उल्लिखित नियमहरू पालना नगर्ने आयोजकहरूलाई अर्को पटकदेखि प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू भाडामा दिइने छैन ।

५. यस कार्यविधिलाई कार्यान्वयन गर्ने गराउने वा कार्यान्वयन भए/नभएका सम्बन्धमा अनुगमन गर्ने दायित्व नेपाल प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव वा निजले अख्तियारी प्रदान गरेको अधिकृतको हुने छ ।

६. यस नियमको अन्तिम व्याख्या गर्ने अधिकार प्राज्ञ परिषद्मा निहित रहने छ ।

७. आयोजकको असावधानीले वा विशेष भवितव्य परी कार्यक्रमको सिलसिलामा कुनै दुर्घटना भएमा वा कुनै हानिनोक्सानी भएमा सोको जिम्मेवार आयोजक स्वयम् हुनुपर्ने छ ।

८. प्रचलित कानुनले निषेध गरिएका कार्यक्रमहरू सञ्चालन गर्न पाइने छैन ।

९. कार्यक्रमको विवरण वा सूची आयोजक संस्था वा व्यक्तिले दरखास्तसँगै हल आरक्षण शाखामा दिनुपर्ने छ तर सो समयमा सम्भव नभए कार्यक्रम सुरु हुने दिनको १ (एक) दिन अगावै दिनुपर्ने छ ।

## अनुसूची-१

## प्रज्ञा भवनको प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू आरक्षण गर्ने दरखास्त फाराम

मिति :

नेपाल प्रज्ञा-प्रतिष्ठान,
कमलादी, काठमाडौं

महोदय,

........................................................ को आयोजनामा .................................. उद्देश्यका लागि हुन लागेको ........................................... कार्यक्रम सम्पन्न गर्न मिति ......................... का लागि त्यस नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रेक्षालय / डबली / लेखनाथ प्रवचन कक्ष / पारिजात प्रवचन कक्ष / पुस्तकालय सभा कक्ष / भानुभक्त प्रदर्शनी कक्ष / चउर १-२-३ उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । त्यस प्रज्ञा-प्रतिष्ठानको हल भाडासम्बन्धी र अन्य नियमहरू पालन गर्न मेरो / हाम्रो मन्जुरी छ ।

१. हल प्रयोग गर्ने समय :
२. कार्यक्रम सुरु हुने समय :
३. कार्यक्रम सकिने समय :
४. हल छाड्ने समय :
५. कार्यक्रमको उद्घाटन गर्न प्रमुख अतिथि वा सभाध्यक्ष देहायबमोजिम रहेको बेहोरा समेत अनुरोध गर्दछु ।
   (क) प्रमुख अतिथि :
   (ख) सभाध्यक्ष :
   अन्य :

स्वीकृत गर्ने अधिकारीको सही :
मिति :

आयोजकको नाम :
ठेगाना :
फोन नं. :
मिति :
दरखास्त दिने :
नाम :
फोन नं. :
दस्तखत :

**द्रष्टव्य**

१. आयोजक संस्था बदल्ने वा थप गर्ने र हल आरक्षण गरिएको उद्देश्य बदलेर अन्य उद्देश्यका निम्ति कार्यक्रम गर्नुपर्ने खण्ड पर्न आएमा वा हल आरक्षण गर्ने आयोजक फेर्नुपर्ने भएमा हल आरक्षण पुनः गर्नुपर्ने कुरा सम्बद्ध पक्षलाई अवगत गराउनुपर्ने छ र सोको औचित्य देखिएमा मात्र नेपाल प्रज्ञा-प्रतिष्ठानले त्यसको स्वीकृतिसहित पुनः आरक्षण गरिदिन सक्ने छ ।
२. आयोजक थपेर वा बदलेर या कार्यक्रमको उद्देश्य र स्वरूपमा परिवर्तन गरी कार्यक्रम हुने वा हुन लागेको जानकारी हुन आएमा कुनै पनि बेला प्रतिष्ठानले हलको आरक्षण रद्द गर्न सक्नेछ र त्यस्तो रद्द गरिएको अवस्थामा भाडा करबापत अग्रिम कट्टा गरिएको कर रकम बाहेक आरक्षण शुल्क फिर्ता दिइने छ ।
३. कार्यक्रम सञ्चालन गर्दा आयोजक आफैंले ल्याई प्रयोग गरेका फर्निचर लगायतका अन्य सरसामानहरूप्रति आयोजक आफै जिम्मेवार हुनुपर्ने छ । त्यस्ता सरसामानहरू कार्यक्रम सकिनासाथ आयोजकले लगी हल तथा प्रज्ञा-प्रतिष्ठानको परिसर लगायतको ठाउँ खाली गर्नुपर्ने छ ।

## अनुसूची-२
## प्रज्ञा भवनको प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू आरक्षण गरेपछि प्रतिष्ठानबाट उपलब्ध गराइने स्वीकृति पत्र

मिति : .................

श्री ...............................................

...............................................

त्यस .................................................................................................. को आयोजनामा हुने ................................................................................... कार्यक्रमको निम्ति यस प्रज्ञा-प्रतिष्ठानको प्रेक्षालय / लेखनाथ प्रवचन कक्ष / पारिजात प्रवचन कक्ष / पुस्तकालय सभा कक्ष / डबली / भानुभक्त प्रदर्शनी कक्ष / चउर १-२-३ मिति ............................. का लागि उपलब्ध गराइएको बेहोरा अनुरोध गर्दछु । प्रेक्षालय लगायत अन्य हलहरू भाडामा लिँदा कार्यविधिमा उल्लिखित सम्पूर्ण सर्तहरू समेत पालना गर्नुहुने छ ।

हल खोल्ने समय :

कार्यक्रम सुरु हुने समय :

कार्यक्रम सकिने समय :

हल छोड्ने समय :

**बोधार्थ**

श्री आर्थिक प्रशासन शाखा, ने.प्र.प्र.
श्री भवन सम्भार शाखा, ने.प्र.प्र.
श्री रङ्गमञ्च एकाइ, ने.प्र.प्र.
श्री ध्वनि एकाइ, ने.प्र.प्र.
श्री विद्युत् एकाइ, ने.प्र.प्र.
श्री सुरक्षा एकाइ, ने.प्र.प्र.

..................
हल आरक्षण शाखा

**अवगतार्थ**
श्री प्रशासन प्रमुखज्यू, ने.प्र.प्र.

## अनुसूची-३

## प्रज्ञा भवनको प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू आरक्षण गरेपछि समय नपुग भई समय थप गर्दा प्रतिष्ठानबाट उपलब्ध गराइने स्वीकृति पत्र

मिति : .................

श्री ........................................

........................................

त्यस ........................................................ को मिति .......................... गतेको पत्र प्राप्त भई बेहोरा अवगत भयो । सो सम्बन्धमा त्यस ...................................को .................................. कार्यक्रमको लागि यस प्रतिष्ठानको प्रेक्षालय / लेखनाथ प्रवचन कक्ष / पारिजात प्रवचन कक्ष / भानुभक्त प्रदर्शनी कक्ष / पुस्तकालय सभा कक्ष / डबली / चउर-१-२-३ मिति ................................ गते ................ बजेदेखि मिति ................................ गते .............. बजेसम्मका लागि नियमानुसार रकम बुझाई आरक्षण गरेकामा उक्त दिन सो कार्यक्रमको लागि निर्धारित समय पर्याप्त नहुने भई पूरा दिनका लागि आरक्षण गरिदिनुहुन भनी निवेदनसहित थप रु. ........................................................ रकम बैङ्कमा जम्मा गरी भौचरसहित थप समय माग गर्नुभएबमोजिम यस प्रतिष्ठानको प्रेक्षालय / लेखनाथ प्रवचन कक्ष /पारिजात प्रवचन कक्ष / भानुभक्त प्रदर्शनी कक्ष / पुस्तकालय सभा कक्ष / डबली / चउर-१-२-३ बिहान .................. बजेदेखि साँझ .................... बजेसम्म उपलब्ध गराइएको बेहोरा अनुरोध गर्दछु ।

**बोधार्थ**

श्री आर्थिक प्रशासन शाखा, ने.प्र.प्र.
श्री भवन सम्भार शाखा, ने.प्र.प्र.
श्री रङ्गमञ्च एकाइ, ने.प्र.प्र.
श्री ध्वनि एकाइ, ने.प्र.प्र.
श्री विद्युत् एकाइ, ने.प्र.प्र.
श्री सुरक्षा एकाइ, ने.प्र.प्र.

**अवगतार्थ**

श्री प्रशासन प्रमुखज्यू , ने.प्र.प्र.

..................
हल आरक्षण शाखा

## अनुसूची-४
## प्रज्ञा भवनको प्रेक्षालय, प्रवचन कक्षहरू, सभा कक्ष, प्रदर्शनी कक्ष, डबली तथा चउरहरू आरक्षण गरेपछि उक्त दिन कार्यक्रम नहुने भई कार्यक्रमको मिति सार्दा प्रतिष्ठानबाट उपलब्ध गराइने स्वीकृति पत्र

मिति : ................

श्री .....................................

.......................................

त्यस ......................................................... को मिति ........................... गतेको पत्र प्राप्त भई बेहोरा अवगत भयो । सो सम्बन्धमा त्यस संस्थाद्वारा आयोजना गरिने ..................................................... कार्यक्रमको लागि आरक्षण गरिएको यस प्रज्ञा-प्रतिष्ठानको प्रेक्षालय / लेखनाथ प्रवचन कक्ष / पारिजात प्रवचन कक्ष / पुस्तकालय सभा कक्ष / डबली / भानुभक्त प्रदर्शनी कक्ष / चउर १-२-३ मिति .................................. को सट्टा मिति ...................... मा उपलब्ध गराइएको छ ।

| | | सुरुको | हालको |
|---|---|---|---|
| हल खोल्ने समय | : | ........ | ......... |
| कार्यक्रम सुरु हुने समय | : | ........ | ......... |
| कार्यक्रम सकिने समय | : | ........ | ......... |
| हल छोड्ने समय | : | ........ | .......... |

**बोधार्थ**

श्री आर्थिक प्रशासन शाखा, ने.प्र.प्र.
श्री भवन सम्भार शाखा, ने.प्र.प्र.
श्री रङ्गमञ्च एकाइ, ने.प्र.प्र.
श्री ध्वनि एकाइ, ने.प्र.प्र.
श्री विद्युत् एकाइ, ने.प्र.प्र.
श्री सुरक्षा एकाइ, ने.प्र.प्र.

**अवगतार्थ**
श्री प्रशासन प्रमुखज्यू, ने.प्र.प्र.

..................
हल आरक्षण शाखा